# स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८०

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

*स्वीकृत मिति: २०८०/१०/११*

प्रस्तावना: नवीनतम ज्ञान, सोच, सीप र क्षमता भएको उद्यमीलाई स्टार्टअप उद्यममा संलग्न हुन उत्प्रेरित गर्दै सहुलियतपूर्ण कर्जा प्रवाह गर्ने सम्बन्धी कार्यलाई सरल, स्पष्ट, व्यवस्थित र पारदर्शी बनाउन वाञ्छनीय भएकोले,

विनियोजन ऐन, २०८० को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले देहायको कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "उद्यमी" भन्नाले दफा ४ बमोजिमको मापदण्ड पुरा गरेका फर्म वा कम्पनी सम्झनु पर्छ ।

(ख) "कर्जा" भन्नाले स्टार्टअप उद्यमको लागि दफा १० बमोजिम प्रदान गरिने कर्जा सम्झनु पर्छ।

(ग) "कोष" भन्नाले दफा ३ बमोजिम स्थापना भएको कोषलाई सम्झनुपर्छ ।

(घ) "प्रस्ताव" भन्नाले स्टार्टअप उद्यम सञ्चालन गर्ने उद्यमीले अनुसूची-१ बमोजिमको ढाँचामा पेश गरेको परियोजना प्रस्ताव सम्झनु पर्छ।

(ङ) "प्रतिष्ठान" भन्नाले औद्योगिक व्यवसाय विकास प्रतिष्ठानलाई सम्झनुपर्छ ।

(च) "बैङ्क" भन्नाले दफा १० बमोजिम प्रतिष्ठानले तोकेको कर्जा प्रवाह गर्ने सरकारी स्वामित्वको वाणिज्य बैङ्क सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्झनु पर्छ।

(ज) "समिति" भन्नाले दफा १९ बमोजिमको स्टार्टअप उद्यम कर्जा कार्यान्वयन सहजीकरण समिति सम्झनु पर्छ।

(झ) "स्टार्टअप उद्यम" भन्नाले नविन प्रविधि एवम् सृजनशील सोचको प्रयोग गरी कुनै वस्तु वा सेवाको उत्पादन वा सञ्चालन वा वितरण प्रक्रियामा स्तरोन्नतीको सम्भावना रहेको उद्यम सम्झनु पर्छ।"

३. कोषको स्थापना: (१) प्रतिष्ठानले स्टार्टअप उद्यम कर्जा प्रवाहको लागि विनियोजन भएको रकम कर्जा प्रवाह गर्ने बैङ्कलाई उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिमको रकम बैंकले छुट्टै खाता खोली स्टार्टअप उद्यम कर्जा प्रवाह कोषको रुपमा राख्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको कोषमा दफा [illegible] को उपदफा (२) बमोजिमको रकम समेत जम्मा गर्नुपर्नेछ।

(४) बैंकले आर्थिक वर्ष समाप्त भएको तीस दिन भित्र कोषको वार्षिक कारोबारको विवरण प्रतिष्ठानलाई उपलब्ध गराउनुपर्नेछ ।

(५) उपदफा (२) बमोजिमको कोषमा रहेको बाँकि रकम प्रतिष्ठानले आर्थिक वर्षको अन्त्यमा नेपाल सरकारलाई फिर्ता गर्नुपर्नेछ।

४. <u>स्टार्टअप उद्यमका मापदण्ड :</u> (१) स्टार्टअप उद्यममा कर्जा प्रवाह गर्ने प्रयोजनको लागि प्रचलित कानून बमोजिम दर्ता भई निवेदन दिने अन्तिम मितिसम्म सात वर्ष ननाघेका देहाय बमोजिमका मापदण्ड पूरा गरेका उद्यमी कर्जाका लागि योग्य हुनेछन्:

(क) कुनै वस्तु वा सेवाको उत्पादन वा सञ्चालन वा वितरण प्रक्रियामा नविन प्रविधि एवम् सृजनशील सोचको प्रयोग गरेको,

(ख) कूल चुक्ता पूँजी दुई लाख रूपैयाँ देखि दश लाख रूपैयाँसम्म भएको,

(ग) उद्यमको कूल कारोवार वार्षिक दुई करोड रूपैयाँ भन्दा बढी नभएको,

(घ) स्थिर पूँजी (घर जग्गाको मूल्य बाहेक) दुई करोड रूपैयाँ भन्दा बढी नभएको।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यस कार्यविधि बमोजिम कर्जा प्रवाह गर्ने प्रयोजनका लागि देहायका उद्यमलाई स्टार्टअप उद्यम मानिने छैन:-

(क) प्रचलित कानून बमोजिम दर्ता नभएको,

(ख) वस्तु वा सेवा विदेशबाट आयात गरी बिक्रि वितरण गर्ने गरेको,

(ग) प्रचलित कानून बमोजिम कालोसूचीमा परेको,

(घ) होल्डिङ्ग तथा लगानी कम्पनीको रुपमा औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम दर्ता भएको।

५. <u>स्टार्टअप उद्यमको क्षेत्र:</u> स्टार्टअप उद्यमको रूपमा सञ्चालन गर्न सकिने उद्यमका क्षेत्र देहाय बमोजिम हुनेछन्:-

(क) कृषि तथा पशुपन्छीसँग सम्बन्धित,

(ख) वन पैदावारसँग सम्बन्धित,

(ग) पर्यटन प्रवर्द्धन तथा मनोरञ्जन र अतिथि सत्कारसँग सम्बन्धित,

(घ) विज्ञान, प्रविधि, सूचना तथा सञ्चारसँग सम्बन्धित,

(ङ) मानव स्वास्थ्य सेवासँग सम्बन्धित,

(च) शिक्षा तथा शिक्षण सिकाईसँग सम्बन्धित,

(छ) सहज र सुरक्षित यातायात तथा पारवहन सेवासँग सम्बन्धित,

(ज) अटोमोबाइलसँग सम्बन्धित,

(झ) परम्परागत प्रविधि, उत्पादन र सेवाप्रवाहको प्रक्रिया सुधारसँग सम्बन्धित,

(ञ) खानी तथा खनिजं अनुसन्धान र विकाससँग सम्वन्धित,

(ट) घरायसी वा दैनिक जीवनयापनसँग सम्बन्धित,

(ठ) खाद्य उत्पादन तथा प्रशोधनसँग सम्वन्धित,

(ड) फोहोरमैला व्यवस्थापन तथा वातावरण संरक्षणसँग सम्वन्धित,

(ढ) विपद व्यवस्थापनसँग सम्बन्धित,

(ण) वैकल्पिक तथा नवीकरणीय उर्जासँग सम्वन्धित,

(त) जलवायु परिवर्तन न्यूनीकरणसँग सम्बन्धित।

६. <u>स्टार्टअप उद्यम कार्यान्वयन निकाय:</u> (१) यस कार्यविधि बमोजिम स्टार्टअप उद्यम कार्यक्रमको कार्यान्वयन औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम संचालन गर्न प्रतिष्ठानले आवश्यकता बमोजिम स्टार्टअप क्षेत्रका विज्ञ तथा उद्यमशीलता क्षेत्रको विज्ञलाई आमन्त्रण गरी सहयोग लिन सक्नेछ।

७. <u>प्रस्ताव आव्हान गर्ने:-</u> (१) प्रतिष्ठानले यस कार्यविधि बमोजिम कर्जा लिन इच्छुक उद्यमीलाई एक्काइस दिन भित्र परियोजना प्रस्ताव पेश गर्न राष्ट्रियस्तरको दैनिक पत्रिका र विद्युतीय माध्यमवाट सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) प्रतिष्ठानले आवश्यकता अनुसार प्रदेशगत रुपमा प्रस्ताव माग गरी प्रदेश मुकाममा प्रस्तावको प्रारम्भिक छनौट गर्न सक्नेछ।

८. <u>प्रस्ताव पेश गर्ने:</u> (१) यस कार्यविधि बमोजिम कर्जा लिन चाहने उद्यमीले दफा ७ बमोजिमको सूचनामा निर्धारित अवधिभित्र अनुसूचि-१ बमोजिमको ढाँचामा प्रतिष्ठान समक्ष परियोजना प्रस्ताव पेश गर्नु पर्नेछ।

तर, एक उद्यमीले एकभन्दा बढी प्रस्ताव पेश गर्न पाइनेछैन।

(२) प्रतिष्ठानले उपदफा (१) बमोजिमको प्रस्ताव विद्युतीय माध्यमबाट पेश गर्न सक्ने गरी व्यवस्था मिलाउन सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम पेश भएका प्रस्तावमा उल्लेख भएको विवरण तथा संलग्न कागजात ठीक साँचो हो भनी सम्वन्धित प्रस्तावकले स्वःघोषणा गर्नुपर्नेछ।

(४) उपदफा (३) वमोजिम गरिएको स्वःघोषणा झूटो रहेको पुष्टि भएमा त्यस्तो प्रस्ताव जुनसुकै बखत रद्द हुनेछ।

(५) उपदफा (४) बमोजिम व्यहोरा पुष्टि भएका प्रस्तावलाई प्रचलित कानून बमोजिम कारवाही गर्न सम्बन्धित निकायमा लेखि पठाउनु पर्नेछ।

(६) उपदफा (४) बमोजिम झूटो रहेको व्यहोरा पुष्टि भएका प्रस्तावक भविष्यमा स्टार्टअप उद्यम कर्जाको लागि आवेदन पेश गर्न अयोग्य हुनेछन्।

९. <u>प्रस्ताव मूल्याङ्कन तथा सिफारिस:</u> (१) दफा ८ बमोजिम पेश हुन आएका प्रस्तावको मूल्याङ्कन गर्दा देहाय बमोजिमका आधारमा अनुसूची-२ बमोजिम मूल्याङ्कन गर्नुपर्नेछः-

(क) स्टार्टअप उधमका लागि तोकिएका मापदण्ड पूरा गरेको,

(ख) परियोजनाबाट उत्पादित वस्तु वा सेवा बिक्रीको बजारको सम्भावना,

(ग) परियोजनामा प्रयोग हुने कच्चा पदार्थको स्रोत,

(घ) परियोजनाका लागि आवश्यक पूर्वाधारको उपलब्धता,

(ङ) जोखिम व्यवस्थापनका लागि अवलम्बन गरिएको उपाय,

(च) व्यवसायिक प्रस्तावको प्रस्तुतीकरण,

(छ) क्रेडिट अप्राइजल ।

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौं

(२) उपदफा (१) बमोजिम प्रस्तावको मूल्याङ्कन गर्न प्रतिष्ठानले आफ्नो नेतृत्वमा स्टार्टअप तथा उद्यमशिलताको क्षेत्रमा काम गरेका विज्ञ तथा कर्जा प्रवाह गर्ने बैंक समेत संलग्न रहेको समिति गठन गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको समितिले प्रस्तावको मूल्याङ्कन गरी योग्य प्रस्तावकको सूची तयार गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिमको सूचीमा परेका प्रस्तावकलाई व्यवसायिक प्रस्तावको प्रस्तुतीकरण गर्न लगाई उद्यमीको प्रारम्भिक छनौट गर्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिम प्रारम्भिक छनौट भएका प्रस्तावकलाई प्रतिष्ठानले क्रेडिट अप्राइजल गर्न कर्जा प्रवाह गर्ने बैंकमा पठाउनु पर्नेछ ।क्रेडिट अप्राइजल गर्दा प्रचलित कानून बमोजिम कर्जा प्रवाह गर्न नसकिने मनासिव कारण भएमा बैंकले सात दिन भित्र प्रतिष्ठानलाई जानकारी गराउनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम क्रेडिट अप्राइजल भइ आएपछि सो समेतलाई आधार लिई पचास प्रतिशतभन्दा वढी अंकभार प्राप्त गर्ने प्रस्तावकको प्राथमिकताका आधारमा अन्तिम छनौट गरी कर्जा प्रवाह गर्ने बैंकमा सिफारिश गर्नुपर्नेछ।

(७) उपदफा (६) बमोजिम सिफारिस गर्दा प्रस्तावमा माग गरिएको कर्जा रकममा नबढ्ने गरी अधिकतम पच्चीस लाख रुपैयासम्म सिफारिस गर्नुपर्नेछ।

तर, कुनै परियोजनाका लागि माग गरेको रकमभन्दा घटी रकमबाट उक्त परियोजना सञ्चालन हुने पर्याप्त आधार र कारण भएमा त्यस्तो आधार र कारण उल्लेख गरी उद्यमीले माग गरेको भन्दा घटी रकम कर्जा प्रवाहको लागि सिफारिस गर्न सकिनेछ।

(८) उपदफा (७) बमोजिम सिफारिस भएका प्रस्तावकको लागि प्रतिष्ठानले आवश्यकताअनुसार उद्यमशीलतासम्वन्धी तालिम कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(९) उपदफा (७) बमोजिम सिफारिस भएको परियोजनाको विवरण प्रतिष्ठानले आफ्नो वेबसाइटमा सार्वजनिक गरी सोको जानकारी प्रस्तावक समेतलाई गराउनुपर्नेछ।

(१०) उपदफा (७) बमोजिम सिफारिस भएका प्रस्तावकले सिफारिस भएको तीस दिनभित्र कर्जा प्रवाह गर्ने वैङ्कमा सम्पर्क गर्नुपर्नेछ ।

(११) उपदफा (१०) बमोजिमको अवधिभित्र सम्पर्क गर्न नआउने प्रस्तावकको परियोजना प्रस्ताव र सिफारिस स्वतः रद्द हुनेछ।

१०. <u>सम्झौता तथा कर्जा प्रवाहः</u> (१) प्रतिष्ठानले यस कार्यविधि बमोजिम कर्जा प्रवाह गर्न कुनै एक वा एकभन्दा बढी सरकारी स्वामित्वको वाणिज्य वैंकलाई कर्जा प्रवाह गर्ने बैङ्कको रुपमा तोक्नु पर्नेछ।

(२) यस कार्यविधि बमोजिम कर्जा प्रवाह गर्नु अघि बैंकले प्रस्तावकसँग देहाय बमोजिमको विषय समावेश गरी सम्झौता (तमसुक) गर्नुपर्नेछः-

(क) बैङ्कले कर्जा प्रवाह गर्ने तरिका,

(ख) कर्जाको सीमा,

(ग) किस्ता बुझाउनु पर्ने अवधि,

(घ) साँवा फिर्ता र ब्याज भुक्तानीको अवधि तथा प्रक्रिया।

(३) उपदफा (२) बमोजिमको सम्झौता (तमसुक) मा कर्जाको अवधि अधिकतम पाँच वर्षमा नबढाई ढिलोमा कर्जा लिएको दोस्रो वर्षबाट साँवा र ब्याज वापतको रकम फिर्ता गर्न प्रारम्भ गर्नुपर्ने व्यहोरा समेत उल्लेख गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिमको सम्झौता बैङ्कले आफ्नो शाखा कार्यालय मार्फत पनि गर्नसक्नेछ।

(५) उपदफा (२) बमोजिम बैङ्कले उद्यमीसँग गरेको सम्झौताको जानकारी सात दिनभित्र प्रतिष्ठानलाई दिनु पर्नेछ।

(६) उपदफा (२) बमोजिम सम्झौता भएपछि सम्बन्धित बैङ्कले उद्यमीलाई सात कार्यदिन भित्र कर्जाको प्रथम किस्ता उपलब्ध गराउनु पर्नेछ।

(७) यस कार्यविधि बमोजिम प्रवाह गरिने कर्जाको ब्याजदर बार्षिक तीन प्रतिशत हुनेछ।

(८) बैकले कर्जा प्रवाह गर्दा बढीमा पाँच लाख सम्मको कर्जाको हकमा एक किस्ता, पन्ध्र लाखसम्मको लागि दुइ किस्ता र सो भन्दा माथि पच्चीस लाखसम्मको हकमा तीन किस्तामा कर्जा रकम उपलब्ध गराउनेछ।

(९) उपदफा (६) बमोजिम उपलब्ध गराइएको प्रथम किस्ताको रकम सम्बन्धित उद्यमीले स्टार्टअप उद्यममा कर्जा प्रयोग गरेको पुष्ट्याँइ सहित थप किस्ता माग गरेमा बैङ्कले निरीक्षण गरी प्रगतिको आधारमा थप कर्जा रकम उपलब्ध गराउनु पर्नेछ ।

(१०) बैंक तथा वित्तीय संस्थाले यस कार्यविधि बमोजिम कर्जा प्रवाह गर्दा व्यवसाय वा परियोजनाको बीमा गर्नु पर्नेछ।

११. <u>कर्जाको धितो तथा कर्जा सुरक्षणः</u> (१) यस कार्यविधि बमोजिम बैङ्कले कर्जा प्रवाह गर्दा स्वीकृत व्यवसाय वा परियोजना नै धितोको रूपमा राख्नेछ। त्यस्तो व्यवसाय वा परियोजनाको बीमा उद्यमी आफैले गर्नु पर्नेछ।

(२) कर्जा प्रवाह गर्दा बैङ्कले प्रचलित कानून बमोजिम निक्षेप तथा कर्जा सुरक्षण कोषमा कर्जाको सुरक्षण गराउनु पर्नेछ।

(३) कर्जाको सुरक्षणको लागि प्रतिष्ठानले प्रवाहित कर्जाको पच्चीस प्रतिशत रकम स्वीकृत बजेटको सीमाभित्र रही स्टार्टअप उद्यम कर्जा सुरक्षण कोषमा राख्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम कोषको संचालन निक्षेप तथा कर्जा सुरक्षण कोषले गर्नेछ ।

(५) उपदफा (२) बमोजिम कर्जा सुरक्षण गर्दा लाग्ने शुल्क निक्षेप तथा कर्जा सुरक्षण कोषले स्टार्टअप कर्जा सुरक्षण कोषबाट असुल गर्नेछ।

(६) कर्जाको दाबी भुक्तानी माग भएमा निक्षेप तथा कर्जा सुरक्षण कोषले स्टार्टअप कर्जा सुरक्षण कोषबाट भुक्तानी गर्नेछ।

(७) कर्जाको क्षतिपूर्ति भुक्तानीसम्बन्धी निक्षेप तथा कर्जा सुरक्षण कोषको दायित्व समाप्त भएपछि स्टार्टअप कर्जा सुरक्षण कोषमा बाँकी रहेका रकम प्रतिष्ठानलाई फिर्ता गर्नुपर्नेछ ।

(८) उपदफा (६) बमोजिम क्षतिपूर्ति भुक्तानीका लागि रकम अपुग भएमा प्रतिष्ठानले वार्षिक बजेट प्रस्ताव गर्दा बजेटको सीमाङ्क तथा मार्गदर्शनको अधिनमा रही प्रतिबद्ध एवम् सम्भावित दायित्वको प्राथमिकताको आधारमा प्रस्ताव गरी बजेट सुनिश्चित गर्नुपर्नेछ ।

(९) स्टार्टअप उद्यम कर्जा सुरक्षण कोषमा रहेको रकम लगानीबाट आर्जित ब्याज रकममध्ये बीस प्रतिशत रकम निक्षेप तथा कर्जा सुरक्षण कोषले आम्दानीको रुपमा राख्न सक्नेछ ।

१२. <u>कर्जा भुक्तानी :</u> (१) यस कार्यविधि बमोजिम कर्जा लिएको उद्यमीले सम्झौता (तमसुक) मा लेखिए बमोजिम कर्जाको साँवा र ब्याज चुक्ता गर्नु पर्नेछ।

तर कुनै उद्यमीले किस्ता अवधि अगावै कर्जा चुक्ता गर्न चाहेमा अतिरिक्त शुल्क लाग्ने छैन।

(२) उपदफा (१) बमोजिम उद्यमीले कर्जाको सावाँ र ब्याज चुक्ता नगरेमा बैंङ्कले त्यस्ता उद्यमीबाट बैंङ्कको नियमानुसार कर्जा असुल उपर गर्न सक्नेछ ।

१३. <u>कर्जा चुक्ता नगरेमा हुने कारवाही:</u> (१) कर्जा प्राप्त गर्ने उद्यमीले दफा १२ को उपदफा (१) बमोजिम कर्जा चुक्ता नगरेमा बैंकले देहाय बमोजिमको कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछः-

(क) कर्जालाई प्रचलित कानून बमोजिम खराब कर्जामा गणना गर्न,

(ख) उद्यमीको राहदानी रोक्का राख्न,

(ग) उद्यमीको नाममा रहेको कुनै चल अचल सम्पत्ती विक्री गर्न बन्देज लगाउनका लागि सम्बन्धित निकायमा लेखी पठाउन,

(घ) उद्यमीको बैंक तथा वित्तीय संस्थाहरुमा रहेको खाता रोक्का गर्न,

(ङ) नेपाल सरकारबाट उपलब्ध गराउने सामाजिक सुरक्षा भत्ता लगायतका अन्य नागरिक सुविधाबाट वन्चित गर्न।

(२) कर्जा प्रवाह गर्ने बैकले यस्ता सुविधा रोक्का गर्न अनुरोध गरेमा सम्बन्धित निकायले त्यस्ता उद्यमीको सुविधा रोक्का राख्नु पर्नेछ।

१४. <u>बैङ्कले सेवा शुल्क लिन सक्ने:</u> (१) कर्जा प्रवाह गर्ने बैङ्कले कर्जा प्रवाह गर्दा प्रशासनिक वा सेवा शुल्क बापत सम्बन्धित उद्यमीबाट कर्जा रकमको अधिकतम शुन्य दशमलव एक प्रतिशतसम्म सेवा शुल्क बापत रकम लिन सक्नेछ ।

(२) बैङ्कमा उद्यमीले कर्जाको साँवा तथा ब्याज रकम भुक्तानी गरेपश्चात प्राप्त रकम तीन दिनभित्र स्टार्टअप उद्यम कर्जा प्रवाह कोषमा दाखिला गर्नुपर्नेछ।

(३) यस कार्यविधि बमोजिम प्रवाह हुने कर्जाको असुली तथा अनुगमन गर्ने दायित्व बैङ्कको हुनेछ।

१५. <u>व्यावसायिक राय परामर्श सम्बन्धी व्यवस्था:</u> यस कार्यविधि बमोजिमको कर्जाबाट सञ्चालित स्टार्टअप उद्यमलाई उत्प्रेरित गरी उद्यमीको काममा आत्मविश्वास बढाउन प्रतिष्ठानले कर्जाको अवधिभर आवश्यक पर्ने व्यावसायिक तथा व्यवस्थापन सम्वन्धी परामर्श प्रदान गर्नेछ।

१६. <u>उद्यमीको कर्तव्य:</u> यस कार्यविधि बमोजिम कर्जा प्राप्त गर्ने उद्यमीको देहाय बमोजिमको कर्तव्य हुनेछ:-

(क) उद्देश्य बमोजिम कर्जा रकमको प्रयोग गर्ने,

(ख) सम्झौता बमोजिम कर्जाको साँवा र ब्याज रकम चुक्ता गर्ने,

(ग) नियामक निकाय वा बैङ्कबाट गरिने अनुगमनको क्रममा आवश्यक सूचना तथा तथ्याङ्क उपलब्ध गराउने,

(घ) आफूले गरेको स्टार्टअप उद्यमको प्रगति प्रतिवेदन चौमासिक रुपमा कर्जा प्रवाह गर्ने बैङ्कमा पेश गर्ने,

(ङ) प्रतिष्ठान, समिति र बैङ्कले दिएको निर्देशनको पालना गर्ने।

१७. <u>प्रशासनिक खर्च र कर्मचारीको व्यवस्था:</u> (१) प्रतिष्ठानले यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालन गर्न विनियोजन भएको रकमको बढीमा तीन प्रतिशतसम्म प्रशासनिक खर्च गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको रकम यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमका लागि मात्र खर्च गर्नु पर्नेछ।

(३) यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालन गर्न थप कर्मचारी आवश्यक पर्ने भएमा मन्त्रालयले उपलब्ध गराउनु पर्नेछ ।

(४) यस कार्यक्रमको लेखा परीक्षण गर्ने गराउने जिम्मेवारी प्रतिष्ठानको हुनेछ।

(५) उपदफा (१) बमोजिमको रकम खर्च नभएमा आर्थिक वर्षको अन्त्यमा स्वत: फ्रिज हुनेछ।

१८. <u>अनुगमन तथा प्रतिवेदन:</u> (१) यस कार्यविधि बमोजिम उपलब्ध कर्जाबाट सञ्चालित स्टार्टअप उद्यम सम्झौता अनुरूप सञ्चालन भए वा नभएको सम्बन्धमा कर्जा प्रवाह गर्ने बैङ्कले आवधिक रूपमा अनुगमन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुगमन सम्बन्धी प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीस दिनभित्र अनुसूची-३ बमोजिमको ढाँचामा प्रतिष्ठान समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम अनुगमन गर्दा यस कार्यविधि विपरीत हुने गरी कुनै उद्यम गरे वा गराएको पाइएमा अनुगमन गर्न खटिएको बैङ्कको कर्मचारीले निश्चित समयावधि तोकी त्यस्तो उद्यममा सुधार गर्न सम्बन्धित उद्यमीलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम दिइएको निर्देशनको जानकारी प्रतिष्ठानलाई समेत गराउनुपर्नेछ।

(५) उपदफा (३) बमोजिम दिइएको निर्देशन अनुरूप निर्धारित समयावधिभित्र आवश्यक सुधार भएको नपाइएमा बैङ्कले त्यस्तो उद्यमीलाई कर्जाको साँवा तथा ब्याज तत्काल फिर्ता गर्न निर्देशन दिन सक्नेछ।

(६) स्टार्टअप उद्यम संचालन गर्ने उद्यमीले आफ्नो उद्यममा भएको प्रगति, संचालनको अवस्था, कठिनाई, सम्बद्ध सरकारी निकाय र अन्य क्षेत्रबाट अपेक्षा गरेको सहयोग समेतका विषय खुलाइ प्रतिष्ठान समक्ष वार्षिक रूपमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

१९. <u>स्टार्टअप उद्यम कर्जा कार्यान्वयन सहजीकरण समिति</u> (१) यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमको सहजीकरण तथा समन्वय गर्न देहाय बमोजिमको समिति रहनेछ:-

| | |
|---|---|
| (क) महाशाखा प्रमुख, औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा, मन्त्रालय | संयोजक |
| (ख) महानिर्देशक, उद्योग विभाग | सदस्य |
| (ग) कार्यकारी प्रमुख, औद्योगिक व्यवसाय विकास प्रतिष्ठान | सदस्य |
| (घ) निर्देशक, नेपाल राष्ट्र बैंक | सदस्य |
| (ङ) अधिकृतस्तरको प्रतिनिधि, निक्षेप तथा कर्जा सुरक्षण कोष | सदस्य |
| (च) अधिकृतस्तरको प्रतिनिधि, कर्जा प्रवाह गर्ने वाणिज्य वैंक | सदस्य |
| (छ) अधिकृतस्तर, औद्योगिक व्यवसाय विकास प्रतिष्ठान | सदस्य सचिव |

(२) समितिको बैठक कम्तीमा वर्षको २ पटक वस्नेछ ।

(३) समितिले आफ्नो बैठकमा अन्य सरकारी निकाय, निजीक्षेत्र र विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिले बैठक सञ्चालन सम्बन्धी कार्यविधि आफैले तय गरे बमोजिम हुनेछ।

(५) समितिले अन्तरमन्त्रालय तथा अन्तरनिकाय समन्वय गर्ने र कार्यविधि कार्यान्वयन सम्बन्धमा आवश्यक नीतिगत एवं कानूनी सहजीकरण गर्नुपर्ने भएमा सो सम्बन्धी काम गर्नेछ।

२०. <u>कार्यक्रम साझेदारीमा गर्न सकिने:</u> प्रतिष्ठानले यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रममा प्रदेश सरकार, स्थानिय तह, नीजि क्षेत्र, प्राज्ञिक क्षेत्र एवम् विश्वविद्यालयसँग लागत साझेदारी गर्न सक्नेछ।

२१. <u>पुरस्कृत गर्न सक्ने:</u> यस कार्यविधि बमोजिम कर्जा प्राप्त गरी प्रभावकारी रूपमा परियोजनाको कार्यान्वयन गर्ने उत्कृष्ट उद्यमीलाई प्रतिष्ठानले पुरस्कृत गर्न सक्नेछ ।

२२. <u>प्रचलित कानून बमोजिम हुने:</u> यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

२३. <u>आवश्यक व्यवस्था मिलाउन सक्ने:</u> यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

अनुसूची १
(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)
## उद्यमीले पेश गर्ने परियोजना प्रस्तावको ढाँचा

### क. प्रस्तावकको परिचयः

१. प्रस्तावकको किसिम (कुनै एकमा चिन्ह लगाउने):

फर्म □ कम्पनी □

२. फर्म वा कम्पनीको विवरण:

i. फर्म / कम्पनीको नामः -------------------------------- शुरु दर्ता भएको निकायः ------------ --------------- दर्ता मितिः ------------------ दर्ता नम्बरः ------------- स्थायी लेखा नम्बरः -------- कारोबार सुरू गर्न इजाजत आवश्यक पर्ने फर्म वा कम्पनीको हकमा इजाजत जारी गर्ने निकायः ------------------------ इजाजत प्राप्त मितिः ------------- इजाजत बहाल रहने अवधीः --------------

ii. मुख्य कारोबार स्थल वा कार्यालय रहेको ठेगानाः प्रदेशः ------------- जिल्लाः ------------ गा.पा./न.पा./उ.म.न.पा./म.न.पा.: ---------------- वार्ड नं.: ---- टोलः -------------- टेलिफोन नं.:------------- ईमेलः ----------------

iii. आधिकारिक प्रतिनिधिको नाम थरः ---------------------------- पद/दर्जाः------------- टेलिफोन नं.: ---------------- मोबाइल नं.: ----------------- इमेलः -----------------

३. उद्यमीहरुको विवरण (एकभन्दा बढी उद्यमी भएमा सबै उद्यमीको विवरण छुट्टाछुट्टै भर्नुपर्नेछ)

i. नामः ------------------------------

------------------------------

------------------------------

ii. नागरिकता नम्बरः --------- जारी गरिएको जिल्लाः ------------ जारी मितिः------------

iii. स्थायी ठेगानाः प्रदेशः ------------ जिल्लाः ------------- गा.पा./न.पा./उ.म.न.पा. /म.न.पा.: -------------------------- वार्ड नं.: ---- टोलः ---------------

iv. हालको बसोबासः प्रदेशः ------------ जिल्लाः ------------- गा.पा./न.पा./उ.म.न.पा. /म.न.पा.: -------------------------- वार्ड नं.: ---- टोलः ---------------

v. दर्ता भएको फर्म/कम्पनीको नामः ------------------------ शुरु दर्ता गर्ने निकायः ------------- - दर्ता मितिः ------------------ दर्ता नम्बरः ------------- स्थायी लेखा नम्बरः ------------ कारोबार सुरू गर्न इजाजत आवश्यक पर्ने फर्मको हकमा इजाजत-पत्र जारी गर्ने निकायः -------- ------- इजाजत-पत्र प्राप्त मितिः ------------- इजाजत-पत्र बहाल रहने अवधीः --------

vi. मुख्य कारोबार स्थल वा कार्यालय रहेको ठेगानाः प्रदेशः ------------- जिल्लाः ------------- गा.पा./न.पा./उ.म.न.पा./म.न.पा.: ---------------- वार्ड नं.: ---- टोलः -------------- टेलिफोन नं.: ----------- प्रोप्राइटरको मोबाइल नं.: ------------ इमेलः -----------------

### ख. प्रस्तावित परियोजना सम्बन्धी विवरणः

१. परियोजनाको परिचय (दुई सय शब्दमा नबढ्ने गरी): --------

२. परियोजनाको उद्देश्य (पचाँस शब्दमा नबढ्ने गरी): --------

३. उद्यमको क्षेत्र (दफा ५ सँग सम्बन्धित): ---------------

४. परियोजनाको कुल अनुमानित लागत रु. ---------- हालसम्म परियोजनामा भएको खर्च रु. -------

५. परियोजना विश्लेषणः

i. स्टार्टअप उद्यमको रूपमा रहने आधार (दफा ४ अनुसारको मापदण्डसमेत सम्बन्धित सबैमा चिनो लगाउने):

(क) उद्यम स्थापना भएको सात बर्ष: नाघेको □ ननाघेको □

(ख) कूल पूँजी वा चुक्ता पूँजी दुई लाख रूपैयाँ देखि दश लाख रूपैयाँ भित्र भएको □ नभएको □

(ग) उद्यमको कुल कारोवार वार्षिक दुई करोड रूपैयाँ भन्दा बढी: भएको □ नभएको □

(घ) स्थिर पूँजी (घर जग्गाको मूल्य बाहेक) दुई करोड रूपैयाँ भन्दा बढी: भएको □ नभएको □

(ङ) कुनै वस्तु वा सेवाको उत्पादन वा वितरण प्रक्रियामा उपभोक्ताले भोग्दै आएको समस्यालाई समाधान गर्न नयाँ प्रविधिको उपयोग एवं सृजनशिल सोचको प्रयोग: भएको □ नभएको □

(च) उद्यमीले हालसम्म गरेको स्वलगानी (कूल पूँजी/चुक्ता पुँजी) रु. ................. कर्जा प्रासिको लागि माग गरिएको रकम रु. .................... कर्जा माग/चुक्ता पुँजी अनुपात: ....... प्रतिशत

(छ) गत आर्थिक वर्षको व्यवसायिक कारोबार: रू. .......................

(ज) कर्जा सूचना केन्द्रको कालो सूचीमा: रहेको □ नरहेको □

(झ) प्रस्तावित परियोजनाको लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट हालसम्म अन्य कुनै अनुदान वा सहुलियत: लिएको □ नलिएको □

(ञ) प्रस्तावित परियोजनाको उद्देश्य: नाफामूलक □ गैरनाफामूलक □

ii. परियोजना सञ्चालनबाट हुने नवप्रवर्तनीय कार्य (मिल्ने कुनै एकमा चिनो लगाउने):

- विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको समग्र प्रणालीमा नवीन पद्धतिको विकास □
- विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको खास क्षेत्रमा नवीन पद्धतिको विकास □
- विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको कुनै प्रक्रियामा नवीन पद्धतिको विकास □

त्यस्तो नवीन पद्धति सम्बन्धि संक्षिप्त विवरण (पचास शब्दमा नबढ्ने गरी): .......................

iii. आगामी एक वर्षको अवधिमा थप रोजगारी सिर्जनाको सम्भाव्य सङ्ख्या: ......

iv. परियोजनाबाट उत्पादित वस्तु वा सेवा बिक्रीको बजार (कुनै एकमा चिनो लगाउने):

- स्वदेशी बजार □ अन्तर्राष्ट्रिय बजार □ स्वदेशी तथा अन्तर्राष्ट्रिय दुवै बजार □

v. परियोजनामा प्रयोग हुने प्रत्यक्ष कच्चा पदार्थको स्रोत (कुनै एकमा चिनो लगाउने):

- पूर्णरूपमा स्वदेशी □ पूर्णरूपमा वैदेशिक □ अधिकतम स्वदेशी □ अधिकतम वैदेशिक □

vi. प्रस्तावित परियोजनाको विषयक्षेत्रमा मुख्य उद्यमीको अनुभव:

- अनुभव नभएको □ दुई वर्ष भन्दा कम अनुभव भएको □ दुई वर्ष वा सो भन्दा बढीको अनुभव भएको □
- अनुभवको प्रमाणपत्र

vii. जोखिम विश्लेषण तथा व्यवस्थापन:

- परियोजनाको जोखिम विश्लेषण कार्य गरिएको: छ □ छैन □
- गरिएको छ भने जोखिमको विषय (पचास शब्दमा नबढ्ने गरी): ...............
- जोखिम न्यूनीकरण तथा व्यवस्थापनको योजना (एक सय शब्दमा नबढ्ने गरी): .....................

viii. प्रस्तावित परियोजनाको कार्यान्वयनबाट वस्तु वा सेवा प्रवाहमा हुने सुधार (कुनै एकमा चिनो लगाउने):

- विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको गुणस्तर अभिवृद्धि हुने: हुन्छ □ हुँदैन □
- विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको वित्तीय लागत घटाउने: घटाउँछ □ घटाउँदैन □
- विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको समय घटाउने: घटाउँछ □ घटाउँदैन □

ix. परियोजनाको:

- सबल पक्ष (एक सय शब्दमा नबढ्ने गरी): .................
- कमजोर पक्ष (एक सय शब्दमा नबढ्ने गरी): .................
- अवसर (एक सय शब्दमा नबढ्ने गरी): .................
- चुनौती (एक सय शब्दमा नबढ्ने गरी): .................

x. परियोजनाले वस्तु वा सेवा उत्पादन र बिक्री वितरण आरम्भ गरेको मिति: .................. वा आरम्भ हुने अपेक्षित मिति: ..................

xi. परियोजना मुनाफामा जाने अपेक्षित आर्थिक वर्ष: ..................

xii. परियोजना स्थलमा पूर्वाधारको अवस्था (सम्बन्धित सबैमा चिनो लगाउने):

- विद्युत □ सडक □ सञ्चार □ खानेपानी □ भवन □

## ग. प्रस्तावको साथमा संलग्न गर्नु पर्ने कागजात:

१. उद्योगको दर्ता/नवीकरण प्रमाणपत्रको प्रतिलिपी,
२. स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपी,
३. अघिल्लो आर्थिक बर्षको लेखापरीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी,
४. फर्म/कम्पनी वा उद्योगको आधिकारिक प्रतिनिधिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
५. पूर्णकालिन कामदारको विवरण,
६. IT को उपयोग र Innovation को प्रमाण।

– *उपरोक्तानुसारको विवरण प्रविष्टी गरिसके पश्चात प्रस्तावकले पेश गरेका सबै विवरण ठीक दुरूस्त छ भनी स्वघोषणा गर्नुका साथै कर्जा प्रवाहसम्बन्धी शर्त स्वीकारोक्तिको प्रतिबद्धता सहित प्रस्ताव पेश गर्नुपर्नेछ।*

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहद...

# अनुसूची - २

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

## परियोजना प्रस्ताव मूल्याङ्कनको आधार

| क.सं. | मूल्याङ्कनका आधार | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| क | स्टार्टअप उद्यमका लागि तोकिएका मापदण्ड पूरा गरेको | २० | ..... |
| ख | परियोजनाबाट उत्पादित वस्तु वा सेवा बिक्रीको बजारको सम्भावना | १५ | ..... |
| | i. स्वदेशी बजारमा वस्तु वा सेवाको उपलब्धताको सम्भावना — १० | | |
| | ii. अन्तराष्ट्रिय बजारमा वस्तु वा सेवाको निर्यात हुने सम्भावना — ०५ | | |
| ग | परियोजनामा प्रयोग हुने प्रत्यक्ष कच्चा पदार्थको स्रोत (कुनै एक) | १५ | ..... |
| | i. पूर्णरूपमा स्वदेशी कच्चा पदार्थमा आधारित — १५ | | |
| | ii. न्यूनतम ५० प्रतिशत स्वदेशी कच्चा पदार्थमा आधारित — १० | | |
| | iii. विदेशी कच्चा पदार्थको हकमा ५० प्रतिशतभन्दा बढि मूल्य अभिवृद्धि गर्न सक्ने भए — ५ | | |
| घ | परियोजनाको लागि आवश्यक पूर्वाधारको उपलब्धता | १० | |
| | i. भवन | | ..... |
| | ii. सडक | | ..... |
| | iii. सञ्चार | | ..... |
| | iv. खानेपानी | | ..... |
| | v. विद्युत | | ..... |
| | vi. अन्य (परियोजना अनुरुपको) | | |
| ङ | जोखिम व्यवस्थापनका लागि अवलम्बन गरिएको उपाय | १० | |
| | i. प्रस्तावित परियोजनाको जोखिम विश्लेषण — ५ | | ..... |
| | ii. जोखिम न्यूनीकरण तथा व्यवस्थापनको योजना - ५ | | ..... |
| च | व्यावसायिक प्रस्तावको प्रस्तुतीकरण | १० | |
| | i. परियोजना प्रतिको आत्मविश्वास — २ | | ..... |
| | ii. परियोजनासँग अन्तरसम्बन्धित विषयको बोध - २ | | ..... |
| | iii. परियोजनाको SWOT Analysis गर्न सक्ने क्षमता -२ | | ..... |
| | iv. रणनीतिक कुशलता — २ | | ..... |
| | v. रोजगारी सिर्जना-२ | | |
| छ | क्रेडिट अप्राइजल | २० | |
| | कुल जम्मा | १०० | ..... |

मूल्याङ्कनकर्ताको विशेष कुनै टिप्पणी भएमा सो: ...........................................................................

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची - ३

(दफा १८ को उपदफा (२) सँग सम्बन्धित)

## अनुगमन प्रतिवेदनको ढाँचा

१. परियोजनाको नामः --------------------------------- ठेगानाः ------------------------------ सम्पर्क टेलिफोन/मोबाइल नं.: ---------------

२. परियोजना कार्यान्वयन गर्ने उद्यमीको नामः -----------------------------

३. परियोजना स्वीकृत भएको मितिः ----------------------

४. परियोजना प्रस्तावक र बैङ्कबिच कर्जा सम्झौता मितिः ---------------

५. परियोजनामा प्रवाह गरिएको कर्जाः जम्मा रु. ---------

प्रथम किस्ता कर्जाः लिएको/ नलिएको (लिएको भए कर्जा रुः ---------------- मितिः --------------)

दोस्रो किस्ता कर्जाः लिएको/ नलिएको (लिएको भए कर्जा रुः ---------------- मितिः --------------)

तेश्रो किस्ता कर्जाः लिएको/ नलिएको (लिएको भए कर्जा रुः ---------------- मितिः --------------)

६. कर्जाको किस्ता भुक्तानीको अवस्थाः ---------

७. परियोजनाको सुरू मितिः ---------------

८. परियोजना सम्पन्न हुनु पर्ने मितिः ---------------

९. परियोजनाको शुरू लागत रकमः ---------------

१०. परियोजनामा कार्यरत पूर्णकालीन कामदार सङ्ख्याः ---------------

११. परियोजनाको प्रशिक्षक (मेन्टर) को नाम (भएमा): ------------------ टेलिफोन/मोबाइल नं.: ---------

१२. यसअघि भएको अनुगमनः मिति ---------- अनुगमन गर्ने निकायः -------------

मिति ---------- अनुगमन गर्ने निकायः -------------

मिति ---------- अनुगमन गर्ने निकायः -------------

१३. परियोजनाको शुरू मूल्याङ्कन तथा छनौट गर्दा लिइएका आधारहरू बमोजिम प्रगतिको अवस्थाः

(क) -----------

(ख) -----------

(ग) -----------

(घ) -----------

१४. परियोजना कार्यान्वयनमा देखिएका समस्या र कारणः ---------------

१५. समस्या समाधान गर्न सम्बन्धित तहबाट भएको प्रयासः ------------------

१६. समस्या समाधान गर्ने जिम्मेवार निकाय/अधिकारीः -------------------

१७. अनुगमन गर्ने अधिकारीबाट दिइएका मुख्य सुझावः --------------------

१८. दिइएका सुझावमा उद्यमीको प्रतिक्रियाः ------------------------

१९. अनुगमन मितिः ------------------

२०. अनुगमन गर्ने अधिकारीको नामः ---------------

दर्जाः ---------------

कार्यालयः ---------------

दस्तखतः -----------

मितिः ---------------

2080/10/11